# बेलौरी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
बेलौरी, कञ्चनपुर
सुदूरपश्चिम प्रदेश, नेपाल
स्थापित २०७३


प.सं.: २०७९।०८०
च.नं. 2482

मिति : २०८०।०१।१७

**विषय: सिमा क्षेत्रको समस्या समाधान गर्न पहल गरिदिनुहुन ।**

माननीय मन्त्री श्री नारायण प्रकाश साउद ज्यू
परराष्ट्र मन्त्रालय, सिंहदरबार, काठमाण्डौं ।
टुरमुकाम बेलौरी नगरपालिका, कञ्चनपुर।

नेपाल सरकारको प्रथम प्राथमिकता (Priority One-P1) मा परेको परियोजना हुलाकी राजमार्ग अन्तर्गत यस नगर क्षेत्रमा पर्ने खण्डको अधिकांश निर्माण कार्य समाप्त भई सकेको अवस्था छ । यस नगरपालिकाको वडा नं. ८ स्थित कालो पुलदेखि पचुई इट्टा भट्टा पश्चिम मोडसम्म नेपाल भारत सीमाना क्षेत्रको सीमा स्तम्भ नं. ३८ (अड्तीस) नजिकैको विवाद रहित नेपाली भूमिको करीब १२०० मि. सडक निर्माण कार्यमा भारतीय सशस्त्र सीमा बल (Sashastra Seema Bal- SSB), बाट बारम्बार अवरोध भई निर्माण कार्य अवरुद्ध भइरहेको व्यहोरा माननीय मन्त्री ज्यूलाई अवगत गराउदै यस सम्बन्धमा यस नगरपालिकाले जिल्ला प्रशासन कार्यालय मार्फत पटक पटक ज्ञापन पत्र पठाईसकेको र यो समस्या को समाधान संघिय सरकारले नै गर्नुपर्ने भएको हुँदा तत्काल कुटनितिक पहलबाट सो क्षेत्रमा सडक निर्माण र विद्युत लाईन बिस्तारलाई निरन्त्रता दिन माननीय मन्त्री ज्यू मार्फत यथासम्भव छिटो पहल गरिदिनुहुन हार्दिक अनुरोध गर्दछु ।

पोतीलाल

पोती लाल चौधरी
नगर प्रमुख

Phone: 099-580292 Email: belaurimunicipality@gmail.com Website: http://www.belaurimun.gov.np

CamScanner

# बेलौरी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

बेलौरी, कञ्चनपुर
सुदूरपश्चिम प्रदेश, नेपाल

प.सं.:- २०८१।०८२
च.नं.:- २५८

मिति: २०८१।०५।१८

विषयः ज्ञापनपत्र ।

माननीय गृहमन्त्री श्री रमेश लेखक ज्यू,
गृह मन्त्रालय, सिंहदरबार, काठमाण्डौं ।

कञ्चनपुर जिल्लाको दक्षिणी क्षेत्रमा अवस्थित यस बेलौरी नगरपालिकाको अधिकांश भू-भाग भारत सँग जोडिएको र भारतीय सिमा सुरक्षा बल (एस.एस.बि) ले कुनैपनि निर्माण कार्य गर्दा अवरोध सिर्जना गर्ने, सिमा क्षेत्रको नेपाली भूमि अतिक्रमण गर्ने, नेपालीहरुको आफ्नो नाममा रहेको जग्गा चलनभोग गर्दा हाम्रो पर्छ भनेर नागरिकलाई दुःख दिने किसिमका क्रियाकलाप गर्दै आएकोमा हालसालै बेलौरी न.पा. वडा नं. १० स्थित सिमानाका कित्ताहरुमा बलजफ्ती अतिक्रमण गरी जग्गाधनीलाई उपयोग गर्न रोक लगाएको घटना घट्नुका साथै बेलौरी नगरपालिका वडा नं. ८ स्थित ३८ नं. पिलर नजिक निर्माण भईरहेको हुलाकी सडक निर्माण कार्यमा समेत अवरोध गर्ने गरेकोले सिमा क्षेत्रमा हुने यस्ता प्रकृतिका सिमा सम्वन्धी समस्या सम्बोधन गरिदिनुका साथै तपसिल बमोजमका विषयवस्तुहरुलाई सम्बोधन गरी यथाशिघ्र कार्य सञ्चालन गरिदिन हुन अनुरोध छ । साथै बेलौरी नगरपालिकाले गर्नुपर्ने समन्वय एवं सहकार्यका लागि नगरपालिका सदैव प्रतिबद्ध रहेको व्यहोरा समेत अनुरोध छ ।

तपसिल

१) हुलाकी सडकको ठेक्का सम्झौता भएको ८ वर्ष भैसक्दा पनि काम सम्पन्न नभएकोले यथाशिघ्र निर्माण कार्य सम्पन्न गर्नका लागि पहल गरिदिनुहुन,
२) ईलाका प्रहरी कार्यालय, बेलौरीलाई स्तरवृद्धि गरी DSP को दरबन्दि कायम गरिदिनुहुन,
३) खुला सिमानाको कारणले लागु औषध ओसारपसार हुने भएकोले सिमा क्षेत्रमा रहेको प्रस्तावित सशस्त्र प्रहरी गुल्मलाई थप व्यवस्थित गरी सिमा सुरक्षा कडा वनाउनका लागि पहल गरिदिनुहुन,
४) बेलौरी छोटी भन्सारलाई स्तरोन्नती गरी भन्सार नाकाका रुपमा स्थापनाका लागि पहल गरिदिनुहुन,
५) बेलौरी न.पा. का भारतीय सिमा सँग जोडिएका वडाहरुमा नेपाली जग्गा धनी प्रमाण पुर्जा भए पनि जग्गा धनिले सो जग्गा भोग चलन गर्न नपाएकोले त्यस्ता जग्गाहरु भोग चलन गर्न पाउँने व्यवस्थाको सुनिश्चितता गरिदिनुहुन,
६) निर्माणाधिन बेलौरी कलुवापुर सडक खण्ड अन्तर्गत राष्ट्रिय निकुन्ज क्षेत्रमा रहेको अधुरो सडक खण्ड निर्माणमा राष्ट्रिय निकुञ्जले अवरोध गरेकोले सो समस्याको समाधान गरी यथाशिघ्र निर्माण कार्य सम्पन्न गर्नका लागि पहल गरिदिनुहुन,
७) बेलौरी छोटी भन्सार देखी मैनाहा सम्मको सडक कालोपत्रे सहित ४ लेन सडकका रुपमा स्तोरन्नतीका लागि आवश्यक बजेटको व्यवस्थापनका लागि पहल गरिदिनुहुन ।

सोमलाल
५।१८

सोमी लाल चौधरी
नगर प्रमुख

Phone: 099-580292 Email: belaurimunicipality@gmail.com Website: http://www.belaurimun.gov.np

# बेलौरी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

बेलौरी, कञ्चनपुर
सुदुरपश्चिम प्रदेश, नेपाल
स्थापित २०७३

प.सं.:- २०८१।०८२
च.नं.:- १५५८

मितिः २०८१।११।१५

**विषयः ज्ञापनपत्र ।**

उपप्रधान तथा शहरी विकास मन्त्री माननीय प्रकाशमान सिंह ज्यू,
शहरी विकास मन्त्रालय, सिंहदरबार, काठमाण्डौं ।
टुरमुकाम बेलौरी नगरपालिका, कञ्चनपुर।

प्रस्तुत विषय सम्बन्धमा यस बेलौरी नगरपालिका अन्तरगत तपसिल बमोजिमका महत्वपूर्ण योजनाहरुको लागि नेपाल सरकारका सहरी विकास मन्त्रालय लगायत सम्बन्धित मन्त्रालय तथा निकायहरु बाट आवश्यक बजेट विनियोजन गरि दिनुहुनका साथै आवश्यक पहल गरि दिनुहुन उपप्रधान तथा शहरी विकास मन्त्री माननीय ज्यू मार्फत ज्ञापन पत्र पेश गर्दछु ।

पोतीलाल चौधरी
नगर प्रमुख

पोती लाल चौधरी
नगर प्रमुख

तपसिल

१) हुलाकी सडकको ठेक्का सम्झौता भएको ८ वर्ष भैसक्दा पनि काम सम्पन्न नभएकोले यथाशिघ्र निर्माण कार्य सम्पन्न गर्नका लागि पहल गरिदिनुहुन अनुरोध छ ।
२) बेलौरी छोटी भन्सारलाई स्तरोन्नती गरी भन्सार नाकाका रुपमा स्थापनाका लागि पहल गरिदिनुहुन अनुरोध छ ।
३) बेलौरी न.पा. छिमेकी राष्ट्र भारतको सिमा सँग जोडिएका वडाहरुमा नेपाली जग्गा धनी प्रमाण पुर्जा भए पनि जग्गा धनिले सो जग्गा भारतीय SSB ले भोग चलन गर्न नपाएकोले त्यस्ता जग्गाहरु भोग चलन तथा बैङ्किङ कारोबार गर्न पाउँने कानुनी व्यवस्थाको सुनिश्चितता गरिदिनुहुन अनुरोध छ ।
४) निर्माणाधिन बेलौरी कलुवापुर सडक खण्ड अन्तर्गत राष्ट्रिय निकुन्ज क्षेत्रमा रहेको अधुरो सडक खण्ड निर्माणमा राष्ट्रिय निकुञ्जले रोक लगाएकोले सो समस्याको समाधान गरी निर्माण कार्य सम्पन्न गर्नका लागि पहल गरिदिनुहुन अनुरोध छ ।
५) बेलौरी छोटी भन्सार देखी मैनाहा सम्मको सडक कालोपत्रे सहित ४ लेन सडकका रुपमा स्तोरन्नतीका लागि आवश्यक बजेटको व्यवस्थापनका लागि पहल गरिदिनुहुन अनुरोध छ।
६) बेलौरी न.पा. ५ मा रहेको सोभा तालको DPR तयार भई निर्माण कार्य सुरु भइसकेकोले तहाँ शहरी विकास मन्त्रालयबाट आवश्यक थप बजेट व्यवस्था गरि दिनुहुन अनुरोध छ।
७) बेलौरी न.पा. ९ मा रहेको कुण्डा पर्यटकिय क्षेत्रको DPR तयार भई निर्माण कार्य सुरु भइसकेकोले तहाँ शहरी विकास मन्त्रालयबाट आवश्यक थप बजेट व्यवस्था गरि दिनुहुन अनुरोध छ।
८) बेलौरी नगरपालिका वडा न ४, ५, ६ र ७ मा रहेको २२ कि.मि. रिङ्गरोडको DPR तयार भई सकेकोले निर्माणका लागि तहाँ मन्त्रालयबाट बजेटको व्यवस्था गरिदिनुहुन अनुरोध छ ।

Phone: 099-580292 Email: belaurimunicipality@gmail.com Website: http://www.belaurimun.gov.np

CamScanner

# बेलौरी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
बेलौरी, कञ्चनपुर
सुदुरपश्चिम प्रदेश, नेपाल

पत्र सं : २०८१।०८२
च.नं. 2983

मिति :- २०८२/०१/१७

बेलौरी नगरपालिका नगर कार्यपालिकाको कार्यालय बेलौरी, कञ्चनपुर सुदुरपश्चिम प्रदेश, नेपाल

विषय :- ज्ञापन पत्र ।

सम्माननीय पूर्व प्रधानमन्त्री पुष्पकमल दाहाल "प्रचण्ड" ज्यू
नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र), अध्यक्ष
हाल मुकाम बेलौरी नगरपालिका कञ्चनपुर

प्रस्तुत विषय सम्वन्धमा यस बेलौरी नगरपालिका अन्तरगत तपसिल बमोजिमका महत्वपूर्ण योजनाहरुको लागि नेपाल सरकारका विभिन्न मन्त्रालय लगायत सम्वन्धित निकायहरु बाट आवश्यक बजेट विनियोजनका लागि पहल गरि दिनुहुन सम्माननीय पूर्व प्रधानमन्त्री ,नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र), अध्यक्ष ज्यू मार्फत ज्ञापन पत्र पेश गर्दछु ।

०१।१७
पोतीलाल चौधरी
नगर प्रमुख
पोती लाल चौधरी
नगर प्रमुख

तपसिल

१। हुलाकी सडकको ठेक्का सम्झौता भएको ८ वर्ष भैसक्दा पनि काम सम्पन्न नभएकोले यथासिघ्र निर्माण कार्य सम्पन्नको लागि आवश्यक पहल गरिदिन हुनका साथै हाल जनसंख्या वृद्धि ले गर्दा उक्त सडक ४ लाईनको सडक अवश्यक भएकोले ४ लाईन सडक निर्माणको लागि आवश्यक बजेट विनियोजनको लागि पहल गरिदिनुहुन अनुरोध छ ।

२। बेलौरी छोटी भन्सारलाई स्तरोन्नती गरी भन्सार नाकाका रुपमा स्थापनाका लागि पहल गरिदिनुहुन अनुरोध छ ।

३। बेलौरी न.पा. छिमेकी राष्ट्र भारतको सिमा सँग जोडिएका वडाहरुमा नेपाली जग्गा धनी प्रमाण पुर्जा भए पनि जग्गा धनिले सो जग्गा भारतीय SSB ले गर्दा भोग चलन गर्न नपाएकोले उक्त जग्गाहरु भोगचलनको सुनिश्चितता र सिमाना सँग जोडिएका जग्गाहरु बैङ्किङ कारोबार गर्न पाउँने कानुनी व्यवस्थाको सुनिश्चितताका लागि पहिलो बेलौरी नगरसभा बाट निर्णय गरेर नेपाल सरकारलाई पत्राचार गरेको तर कुनै सुनुवाई नभएकोले यथासिघ्र उक्त निर्णय कार्यान्वयनको साथै स्थायी रुपमा छिमेकी देश सँगको सिमा विवाद समाधानका लागि पहल गरिदिनुहुन अनुरोध छ ।

४। निर्माणाधिन बेलौरी कलुवापुर सडक खण्ड अन्तर्गत राष्ट्रिय निकुन्ज क्षेत्रमा रहेको अधुरो सडक खण्ड निर्माणमा राष्ट्रिय निकुञ्जले रोक लगाएकोले सो समस्याको समाधान गरी निर्माण कार्य सम्पन्न गर्नका लागि पहल गरिदिनुहुन अनुरोध छ ।

५। नदि कटान बाट बेलौरी नगरपालिका, लालँझाडी गा.पा. र पुर्नवास न.पा. लाई नै उच्च जोखिममा पारेको दोदा नदि नियन्त्रण गर्न चान्देव देखी पुर्नवास सम्म तटबन्धका लागि गुरुयोजना निर्माण गरि बजेट विनियोजनको लागि आवश्यक पहल गरिदिनहुन अनुरोध छ ।

६। २०५८ सालमा शुक्लाफाँटा आरक्ष विस्तारका क्रममा विस्थापित भएका परिवारहरुको व्यवस्थापनको लागि हाल सम्म ३२ बटा आयोगले समस्या समाधान गर्न नसकी ३३ औं आयोग बनि सक्दा पनि विस्थापित परिवारहरुको

CS CamScanner

# बेलौरी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
बेलौरी, कञ्चनपुर
सुदुरपश्चिम प्रदेश, नेपाल

पत्र सं : २०८१।०८२
च.नं. :

समस्या समाधान हुन नसकेकोले यथासिघ्र आरक्ष पिडित परिवारहरुको व्यस्थित रुपमा व्यवस्थापनका लागि आवश्यक पहल गरिदिनहुन अनुरोध छ ।

७। बेलौरी छोटी भन्सार देखी कलुवापुर सम्मको ४ लेन कालोपत्रे सडकका रुपमा स्तोरन्नतीका लागि आवश्यक बजेटको व्यवस्थापनका लागि पहल गरिदिनुहुन अनुरोध छ।

८। बेलौरी न.पा. ५ मा रहेको शोभाताल पर्यटकीय क्षेत्रको DPR तयार भई निर्माण कार्य सुरु भई बजेट अभावले निर्माण कार्य अधुरो अवस्थामा रहेकोले थप बजेट व्यवस्थाको लागि आवश्यक पहल गरिदिनहुन अनुरोध छ ।

९। बेलौरी न.पा. मा रहेको बन्दाताल पर्यटकिय क्षेत्र नेपाल सरकारको मन्त्रीपरिषदको निर्णय अनुसार नेपालको १०० ओटा पर्यटकीय क्षेत्रको रुपमा सुचिकृत भई DPR तयार गरि निर्माण कार्य सुरु गरि सकेकोले बजेट अभावको कारण निर्माण कार्य अधुरै रहने भएकोले आवश्यक थप बजेट व्यवस्थाको लागि पहल गरिदिनहुन अनुरोध छ ।

१०। बेलौरी नगरपालिकाको सवै वडाहरुलाई जोड्ने बाहरी चक्रपथको DPR तयार भई सकेकोले निर्माण गर्न आवश्यक बजेट व्यवस्थापनका लागि पहल गरिदिनहुन अनुरोध छ ।

११। बेलौरी नगरपालिका वडा न ४, ५, ६ र ७ मा रहेको २२ कि.मि. भित्री रिङ्गरोडको DPR तयार भई सकेकोले निर्माण गर्न आवश्यक बजेट व्यवस्थापनका लागि पहल गरिदिनहुन अनुरोध छ ।

१२। केही मुक्त कमैयाहरु हाल सम्म पनि परिचय पत्र बाट बञ्चित भएको हुनाले परिचय पत्र नभएकै कारणले पाउने सेवा सुविधा पनि नपाएकाले परिचय पत्र र सरकार बाट पाउने सेवा सुविधाका लागि आवश्यक पहल गरिदिन हुन अनुरोध छ ।

१३। महाकाली क्याम्पस आङ्गिक क्याम्पसको रुपमा सम्माननीय पुष्पकमल दाहाल "प्रचण्ड" प्रधानमन्त्री हुँदा निर्णय भएकोले शिक्षा मन्त्रालय मार्फत अर्थ मन्त्रालय बाट बजेट सुनिश्चितता गरि दरवन्दी कायम गर्नको लागि आवश्यक पहल गरिदिन हुन अनुरोध छ ।

१४। महाकाली क्याम्पसको परिक्षा केन्द्र यस आ.व. मा धनगढी सरेको हुनाले यसै क्याम्पसमा परिक्षा केन्द्र तोक्नको लागि सम्वन्धित निकायमा आवश्यक पहल गरिदिन हुन अनुरोध छ ।

१५। बेलौरी न.पा. वडा न. ८ हुलाकी सडक ३८ न. पिल्लर भारतिय SSB ले हाम्रो भुमी हो भनि सडक निर्माण कार्य रोकेको हुँदा निर्माण कार्य सुचारु गर्नको लागि आवश्यक कुटनितिक पहल गरि दिर्घकालिन समस्या समाधानका लागि पहल गरिदिन हुन अनुरोध छ ।

पोती लाल चौधरी
नगर प्रमुख

CamScanner